# मेरो तीन वर्षे अनुभव प्रदेश सभामा



मा. देवी ओली ✍

नेपाली समाजमा लामो समयसम्म कायम रहेको निरङ्कुश केन्द्रीकृत एकात्मक साशन व्यवस्थाको चंगुलबाट उन्मुक्ति पाउन नेपाली जनताले लामो सघर्ष गर्नुपरेको इतिहास हाम्रो सामु जगजाहेर नै छ । यही सघर्षबाट प्राप्त उपलब्धी सघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थाले मलाइ यो ठायँमा ल्याइपुर्‍याइएको हो । बर्तमान राजनीतिक परिवेशले भने नेपाली राजनीतिक जनजीवनको भोगाइ आन्दोलन र सघर्षको मात्र हो कि भन्ने परिस्थिति सृजना भएको छ । पछिल्लो समय सशस्त्र सघर्ष तथा जनआन्दोलनको माध्यमबाट जनताको बलीदानीबाट प्राप्त उपलब्धी भनेको नयाँ सविधान सघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था हो । राज्यको पुनर्सरचनापछि बनेको नयाँ सरचना भनेको प्रदेश सरचना हो, प्रदेश सभा हो । प्रदेश सभामा जनप्रतिनिधि भएर आउन पाउँदा बेग्लै उत्साह र काम गर्ने इच्छा शक्ति थियो र प्रदेश सभाको सपथ ग्रहणकै दिनमा कत्तिको खुशि हुनुहुन्छ? कर्णालीबासीका लागि के गर्नुहुन्छ ? भन्ने जस्ता पत्रकारज्यूको प्रश्नको उत्तर दिदै मैले भनेको थिए कि परिवर्तित समयसँगै हाम्रो सोच, चिन्तन र कार्यशैलीमा परिवर्तन हुनुपर्छ । यो संघीय प्रणाली पुरानो राज्य व्यवस्थाको निरन्तरता होइन । हाम्रो संसदले कानून निर्माण गर्दा होस् या सरकार बनाउँदा या बजेट निर्माण गर्दा या सरकारले कानून र बजेट कार्यन्वयन गर्दा होस् चिन्तन र कार्यशैलीमा जवाफदेहीता, पारदर्शिता र इमानदारीता भएन भने जनताले निरंकुश राजसंस्था फालेको कुनै अर्थ हुने छैन । यो कोणबाट अगाडि बढ्ने कोसिश प्रदेश संसद र सासंद अनि सरकारका मन्त्रीज्यूहरूको कोशिस त रह्यो तर सफलता हासिल गर्न सकेको अनुभुति भएन ।

✍ प्रदेश सभा सदस्य, कर्णाली प्रदेश तथा अध्यक्ष, सामाजिक विकास समिति

प्रदेश व्यवस्थापिका संसदको महत्त्वपूर्ण भूमिका भनेको कानून निर्माणमा नै बढी हुने भएकोले गर्दा विधायिकाहरूसँग जनताको अपेक्षा विधेयकसँगै जोडनुपर्ने अवश्यकता हो तर जनताले कानूनलाई भन्दा विकासे योजनामा बढी चासो र चिन्ता राख्ने गरेको पाइन्छ जुन हामीले फेर्न सकेनौं । बजेट र योजना निर्माणमा सरकारको भूमिका हुन्छ भने ऐन कानून निर्माणमा सांसदको भूमिका महत्वपूर्ण रहने बिषयलाई जनतासामु स्पष्ट पार्न सकेका छैनौं । जब अधिकार र कर्तब्य अनि भूमिका र जिम्मेवारीमा स्पष्टता हुँदैन व्यवस्था र प्रणालीले स्थायित्त्व र प्रभावकारीता हाँसिल गर्न सक्दैन भन्ने कुरा म यो जिम्मेवारीमा रहँदा राम्रोसँग अनुभूति भएको छ । संवैधानिक व्यवस्थाका आधारमा अगाडि बढ्दै गर्दा केही व्यक्तिमा रहेको एकात्मक सोच, चिन्तन र  कार्यशैलीका कारणले गर्दा  संघ, प्रदेश र स्थानीय तहका बीचमा अन्यौलता कायमै रहिरह्यो र विधायिकी अधिकार पूर्ण रूपमा प्रयोग गर्न नपाउँदा भित्रैदेखि आक्रोस पैदा हुन्छ । यिनै जटिलता र अन्यौलताका बीचबाट प्रदेश सभा र प्रदेश सभा सदस्यहरूको समय बितिरहेको छ र आज हाम्रो तेस्रो प्रदेश सभा दिवस नजिक आइरहँदा हामीहरू हर्षित वातावरणमा उपस्थित हुने अबस्था छैन । २०७७ साल पुस ५ गतेका दिन प्रतिनिधि सभा विघटन भएपछि नेपाली राजनीतिक व्यवस्थामा संकट र संविधानको पालनामा प्रश्नचिन्ह खडा भएको छ । यो राजनीति परिघटनाले मेरो मनमा यति धेरै प्रश्नहरू सृजित भएका छन् कि के नेपाली जनताले हरेक पीडीवाइज संघर्ष गरिरहनु पर्ने हो ? के शान्तिपूर्ण वातावरणमा काम गर्ने समय आउँदैन ? के यो नेपाल र नेपालीका लागि बिडम्बनापूर्ण अबस्था होइन ? यस्तै यस्तै । आज प्रतिनिधिसभा भङ्ग गरिएको छ प्रदेश सभा पनि भङ्ग गर्ने हवला दिइएको छ । संविधानको सर्वोच्चता र कानूनको शासनमा धावा बोलिएको छ ।कानूनी राज्यको उपहास गरिएको छ । कुनै व्यक्ति शक्तिमा हुँदा बिशेष अधिकार सृजना गर्नु जनतालाई दास सम्झिनु हो, सामन्तवादी सोचको पराकाष्टा हो । सचेत जनताको सचेतनालाई अवमूल्यन गर्नु हो । हुन त गौतम बुद्ध जन्मेको देश नेपाल बुद्धका चेला हामी नेपाली भन्छौ तर ब्यबहारमा भने एकले अर्काको अस्थित्त्व स्वीकार्दैनौ र एकले अर्काको मर्यादा पनि राख्दैनौ । बुद्धले भन्नु भाछ तिमीलाई अरूले अपमान गर्दा कत्तिको मन दुख्छ त्यही सम्झेर तिमी अरूको अपमान नगर । के यो बौद्धको उक्ति अरूलाइ सुनाउने मात्र हो ?  सँगै हुँदा सबै राम्रो अनि सम्बन्ध बिग्रेर अलग हुँदा सधै नराम्रो सबै नराम्रो देखु बौदिक दरिद्रता नै हो । त्यसैले नेपाली जनताले पटक-पटक बलीदानी गर्नुपर्ने परिस्थति भन्दा कमिकमजोरी सच्याउँदै गम्भिर समीक्षासहित उपलब्धिको रक्षा गर्न सक्नुमा कयौं गुणा बौद्धिकता हुनेछ र शक्ति सञ्चित हुने छ ।

आज संविधान र कानूनको नजरमा सबै नागरिक समान हुन भन्ने व्यवस्था भएता पनि ब्यबहारमा बिलकुल फरक छ वा भेदभाव कायमै रहेको अनुभूती गहिरोसँग भएको छ । यस सन्दर्भमा मलाई दक्षिण कोरियाली राष्ट्रपति नेलशन मण्डेलाको भनाइ बेला बेलामा स्मरण हुन्छ । सबै

भन्दा गाह्रो काम समाजलाई बदल्नु होइन आफैलाइ बदल्नु हो । त्यसैले समाज परिवर्तन गर्न गाह्रो छैन गाह्रो छ त व्यक्ति आफू परिवर्तन हुन गाह्रो छ । ठूला-ठूला सफलता र असफलताहरू पनि यस्तै यस्तै स-साना बिषयमा निर्भर हुने भएकोले सबैभन्दा जटिल काम भनेको व्यक्तिमा आउने परिवर्तन नै हो ।व्यक्तिको सोचमा सकारात्मक परिवर्तन आएमा सफलताको शिखर चुम्न गाह्रो छैन। नकारात्मक परिवर्तन आएमा असफलताको भूमरीमा फस्न कुनै समय पर्खिनु पर्दैन । जस्तो कर्म उस्तै परिणाम निस्किन्छ भनिन्छ यो बिषयमा सबै बिज्ञ नै छौं । तर, आज पनि नेपाली धर्ती र नेपाली जनताहरूमा नकारात्मक परिवर्तनका बज्रपातहरू मात्र घुमिफिरी धेरै पटक परिरहेको तितो अनुभव भएको छ । एउटा बज्रपातको घटनामा थिलो-थिलो परी धुलो झार्दै उठन मात्र के थालेको थियो नेपाल र नेपालीमाथि फेरी अर्को बज्रपात आइपुग्छ । पाँच वर्षे तोते बोली बोल्ने सानो बच्चा जस्तो हाम्रो संविधान, तीन वर्षे बालक जस्तो प्रदेश सभा टुकु-टुकु हिंडदै गर्दा हिंडने खुट्टा भाँचिदिए जस्तो, तोते बोली बोल्दै गर्दा बोल्ने जिब्रो समातिदिए जस्तो । उफ अब के गर्ने होला अब पनि लडाँइ, संघर्षको बिकल्प छैन हामी नेपालीको कर्म यही हो । अरू सुख र शान्तिको अनुभूती गर्ने समय आएन हामीलाई । कम्तिमा पन्ध्र वर्षसम्म शान्ति सु-व्यवस्था कायम भइदिए कस्तो हुँदोहो ? यो मेरो कल्पना मात्र हो । व्यवस्था कायम गर्न सक्ने हैसियत छैन मसंग एउटा इंटा मात्र हुँ म त। यस्तो व्यवस्था कायम गर्न सक्ने व्यक्ति कोही जन्मेला नेपाली धर्तिमा ? आशा गरौं अबश्य पनि जन्मेला नि कोही त । यही झिनो आशा बोकेर अब उठ सहासी नेपाली वीर गोर्खालीको उपाधि मात्र होइन यो समयको माग हो मसँग संघर्षको बिकल्प छैन । संस्थागत प्रणालीको रक्षार्थ अर्को आन्दोलनको खाँचो छ यहाँ अब ।

म प्रदेशसभामा सांसदको रूपमा प्रदेशसभामा आउनुभन्दा लगभग १७ वर्ष पहिले प्रतिनिधिसभामा माननीय तीर्था गौतमसँग दुई पटक दर्शक दीर्घामा बसेर संसद बैठक सञ्चालन गरेको हेरेको बाहेक मसँग संसदीय अनुभव थिएन । प्रदेशमा आएर विधायीकाको रूपमा आफूलाई उभ्याउन मेरो लागि निकै चुनौतीपूर्ण र विल्कुलै नयाँ अनुभव हो । नयाँ संवैधानिक संरचना अनुसार संघीय प्रणालीको अभ्यासमा जाँदा सबैका लागि पनि यो अभ्यास नयाँ नै भयो । तर सुरू-सुरूमा बसोबासको व्यवस्थादेखि संसदमा बोल्ने बिषयको तयारीका लागि पढनु, लेख्नु पर्दा मलाई कुनै स्कूल, कलेज पढ्न आए जस्तो पनि लाग्दथ्यो । तर हामीलाई पढाउने शिक्षक प्राध्यापक भने कोही थिएनन् । संसद सहयोग परियोजनाले कहिले काहीं कानून निर्माण प्रक्रिया र विधायिकी महत्व जस्ता विषयमा केही विज्ञहरूमार्फत प्रशिक्षण अनुभवहरू साटासाट अनि सामग्रीहरू प्रदान गर्ने अवसर जुराइदिंदा भने चैत्र वैशाखको खडेरीमा टाक्सिएको विरूवाले पानी पाएर पातहरू फैलिए जस्तो लाग्दथ्यो ।

सांसदको रूपमा प्रदेश सांसद बनाएर पार्टीले पठायो । तर आफ्नो अधिकार र कर्तब्यको बारेमा कुनै जानकारी थिएन । सरकारले दिने सेवा सुविधा केही छ कि छैन त्यो पनि कानून नबनाउँदासम्म अन्यौल नै थियो । सबै व्यवस्था आफैले गर्नुपर्ने हो कि ? त्यसकारण आफ्नो आर्थिक हैषियतअनुसार नै चल्नु पर्छ भन्ने सोचेर वीरेन्द्रनगर-१०, खजुरामा एउटा कोठा भाडामा लिएर डेराको व्यवस्था गरें । संसदको बैठक चल्दा अलि हतार हुँदा अटो रिक्सा (टुकटुके) मा आउने जाने गर्थें भने कहिले कहीं समय हुँदा पैचालिस मिनेट हिँडेरै भ्याउने पनि गर्दथें । अटो चढने समयमा अटो चालक र अटो व्यवसायीलाई मनभित्रै देखि सधैं धन्यवाद दिन्थें र कहीले काही साथीहरूसँग शेयर गर्दै कार्यकाल सकेर जानेबेलामा कार्यक्रम नै राखेर धन्यवाद दिनपर्छ कि भन्दै हाँसो पनि गर्थ्यौं । मेरो बसाइदेखि सबै व्यवस्थापन देखेर केही आफन्त र केही साथीहरू, शुभचिन्तकहरूले हैषियत अनुसार भएन, बसाई फल्याटमा हुनु पर्‍यो, बैठकमा आउँदा जाँदा चाहिन्छ एउटा प्राइभेट गाडी रिजर्भ गरि राख्नु पर्‍यो भन्ने पनि गर्दथे । तर मलाई त्यो सल्लाहले कुनै प्रभाव पार्न सकेन नत हिनताबोध नै भयो । संसदीय अभ्यासमा आफ्नो भूमिका र ज्ञान राम्रोसँग हासिल गर्न सकियोस् आफ्नो क्षमता अभिबृद्धि कसरी हुन सक्छ भन्नेमा चिन्ता भयो अन्य विषयमा म बेसरोकार नै भएँ । मेरो जीवनशैलीमा कसैलाइ अपाच्य हुने गरी फरक नदेखियोस् ताकि मलाई यो ठाउँमा पुर्‍याउने अधिकांश जनताको जीवनशैली र अवस्था अनि जीवनस्तर हालको मेरो जीवनस्तरभन्दा निकै दयनीय र कमजोर नै छ । अनि मेरो यो पद स्थायी पनि त होइन २५ वर्षको राजनीति यात्रा अभावमानै बित्यो । अब पाँच वर्षपछि जाने ठाउँ त्यहीं हो । मलाई यो कुराले संधै सचेत गरिरहन्थ्यो । समय यस्तै गरी वित्दै गयो करिब तीन वर्षपछि संसदीय समितिहरूमा नेतृत्व निर्वाचित गर्ने समयमा नेकपा संसदीय दलले टुङ्गो लगाई समितिको नेतृत्व गर्ने जिम्मेवारी प्रदान गर्‍यो । यो जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्न र थोरै काम भएपनि राम्रो कसरी गर्ने होला भन्ने विषय बढी खड्किएको छ । कामको सम्पादन गर्न मसँग प्रविधिगत ज्ञानमा निपूर्णता नहुँदा सोचेको काम समयमा गर्न सकेको छैन ।

तर पनि हालसम्म प्रदेशसभाभित्रका पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मी, पत्रकारलगायत सम्पूर्ण पक्ष र अन्य राजनीतिक अभिभावक, सहकर्मी साथीहरू, शुभचिन्तकहरू र सबै पक्षले दिएको सल्लाह अनि गरेको सहयोगले गर्दा राम्रो काम हाइ-हाइ गर्न नसकेपनि नराम्रो काम चाही गरिएको छैन भन्ने कुरामा बिश्वस्थ नै छु । तर निर्वाचनको समयमा जनतासामु धेरै सपनाहरू बाँड्ने र पछि ती सपनाहरू पुरा गर्न नसक्ने परम्परा अब कायम गर्नु हुँदैन भन्ने विषयले मलाई धेरै नै पोलिरहन्छ । एउटा सांसदले कानून निर्माण गर्दा कानूनकै विषयमा बढी भूमिका र जिम्मेवारी निर्वाह गर्नुपर्ने हुँदोरहेछ । पूर्वाधारका कामहरू खानेपानी, सडक, भवन, यहाँ यस्तो बनाइदिउँला भनेर नहुँदो रहेछ। साधन स्रोतको कमी, योजना छनौटमा भएका प्रकृयागत जटीलताहरूले गर्दा पनि भनेको पुर्‍याउन

सम्भव छैन । यो कुरा जनतालाई बुझाउन नसक्नु मेरो कमजोरी सम्झिन्छु म । त्यस्तो काम मन्त्रीको भूमिकामा भएपनि सबै पूरा हुन सम्भव छैन । कानून निर्माण गर्दा पनि कुन शब्द कहाँनिर कसरी राख्दा कार्यान्वयन गर्न सजिलो होला भन्ने ज्ञान सिक्नै पर्ने हुँदोरछ । त्यस्तो ज्ञान नपुगेकै हो भन्ने कुरा विधेयकहरूमा संशोधनको सूचना दर्ता गर्दा निक्कै खडकिन्छ । जसका कारण हामीले निर्माण गरेका कानूनहरू एक वर्षमा र कार्यान्वयनमा नआउँदै संशोधन गर्नुपर्दा के-के गल्ती गरेको जस्तो महशुस हुन्छ । त्यसकारण संसदीय फाँटमा प्रवेश गर्नु मेरा लागि कलेजमा भर्ना हुनु जस्तै भयो । सिक्दै, काम गर्दै, पढ्दै सिक्दै त भएको छ तर प्रत्यक्ष रूपमा अध्ययन भ्रमण गर्दै हेर्दै सिक्दै गर्ने अवसर भने कमी नै भएको छ । यो संसदीय क्षेत्रको काम र अनुभवका हिसावले म भर्खरै कक्षा ३ मा अध्ययन गर्दै छु । तीन कक्षामा जाँदासम्म एउटा विद्यार्थीले कति सिक्छ होला ? कति जान्छ होला यसको अर्थ केही नसिकेर याहँ आएको भने होइन तर सिक्न धेरै बाँकी नै छ ।